# सिद्धलेक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बुङ्चुङ, धादिङ
बागमती प्रदेश

सुचना प्रकाशित मिति २०७८।०९।२६

**विषय: CBR कार्यक्रम संचालनको लागी प्रस्तावना आह्वान सम्बन्धी सुचना ।।।**

यस सिद्धलेक गाउपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुर्नस्थापना (CBR) सहयोग कार्यक्रम समन्वय तथा अनुगमन समितिको मिति २०७८।०९।२२ मा बसेको बैठकको निर्णय अनुसार सिद्धलेक गाउपालिका स्तरीय वा धादिङ जिल्लाभर कार्यक्षेत्र रहेका अपाङ्गता भएका व्यक्तिहरुको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाहरुमध्येबाट कार्यक्रम संचालन गर्नुपर्ने प्रावधान बमोजिम सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपशिलमा उल्लेशित कागजातहरु सहित प्रस्तावना पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**कार्यक्रम संचालन गर्ने संस्थाले गर्नुपर्ने कार्यहरु :**

क) अपाङ्गता भएका व्यक्तिहरुलाई विधमान कानुनमा व्यवस्था भएका विभिन्न सेवा, सुविधा, अवसर बारे जानकारी दिने, परामर्श दिने र सेवा एवम् अवसर प्राप्त गर्न मद्दत गर्ने ।

ख) वडा वडाबाट विभिन्न क्षमताका अपाङ्गता भएका व्यक्तिहरुको लगत संकलन गरी वडा स्तरीय समिति गठन र गाउपालिका स्तरीय समिति गठन गर्ने ।

ग) अपाङता भएका व्यक्ती, परिवार, स्थानीय निकायका पदाधिकारीहरुका लागी सचेतना सम्बन्धि तालिम कार्यक्रम गोष्ठी सभा अन्तरकृया संचालन गर्ने गराउने ।

०७८।९।२६

घ) सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई विभिन्न समान अवसरका सेवा (शिक्षा,स्वास्थ्य,तालिम,सिप,नेतृत्वविकास, सहायक सामाग्री आदि) उपलब्ध गराउने ।

**संस्थाहरुले पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

१. कार्यक्रम संचालनको प्रस्तावना ।

२. अपाङ्गता क्षेत्रमा काम गरेको अनुभव सम्बन्धि कागजात ।

३. संस्था दर्ता नविकरण, विधान, प्रशासनिक र आर्थिक नियमावलीको फोटोकपी ।

४. समाजकल्याण परिषदको आवद्धता प्रमाण पत्र ।

५. गत वर्षको वार्षिक प्रतिवेदन तथा लेखा परीक्षण प्रतिवेदन र संस्थाको पछिल्लो साधारण सभाको उपस्थिति र निर्णय प्रतिलिपि ।

६. संस्थाको भौतिक पूर्वाधारको अवस्था दर्शाउने कागजात ।

७. कार्यरत जनशक्ति CBR सहजकर्ताको विवरण खुल्ने कागजात सहित ।

सिद्लेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्चुड, धादिङ
बागमती प्रदेश, नेपाल

२०८८।३।१५
प्रमुख प्रशासकीय अधिकृत